# दोगडाकेदार गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८ संङ्ख्या ३ मितिः २०८२/९/२५


## भाग २

## दोगडकेदार गाउँपालिका

**दोगडाकेदार गाउँपालिकाको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन(पहिलो संशोधन) कार्यविधि २०७७**

कार्यपालिकाबाट स्वीकृत मिति २०८२ मंसीर १६

दोगडाकेदार गाउँपालिकाको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

दोगडाकेदार गाउँपालिकाको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम संशोधन गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः- यस कार्यविधिको नाम दोगडाकेदार गाउँपालिकाको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि २०७७ रहेको छ।

२. दफा २ को खण्ड घ मा संशोधनः "आर्थिक सहायता" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद्, मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सार, मस्तिष्कघात तथा पक्षघात जस्ता दीर्घरोगबाट पीडित व्यक्ति र आर्थिक अवस्था कमजोर भई दैनिक जीवनयापनमा समेत कठिनाई भोगिरहेका तथा आर्थिक अभावले क्षमता विकास गर्न वा सशक्तिकरण हुन नसकेका नागरिकलाई तत्काल गरिने आर्थिक सहयोगलाई बुझ्नुपर्छ।

३. दफा ५ मा संशोधनः दफामा देहायको बुँदा संख्या ३ र ४ थप गरिएको छ।

(३) आर्थिक रूपले विपन्न कुनै व्यक्तिलाई जीविकोपार्जनको लागि वा क्षमता विकास वा सशक्तिकरणको लागि आर्थिक सहयोग गर्ने।

(४) आर्थिक अवस्था कमजोर भएको कुनै वहालवाला जननिर्वाचित पदाधिकारीको मृत्यु भएमा निजको परिवारलाई आर्थिक सहयोग गर्ने।

४. दफा ७ मा संशोधनः दफा ७ मा देहायको उपदफा (३) थप गरिएको छ।

(३) उपदफा (१) बमोजिमको कोषको स्थापना नभएसम्म गाउँसभाले आर्थिक सहायता सम्बन्धी शीर्षकमा विनियोजन गरेको रकमबाट दफा ११ बमोजिम खर्च गर्न सकिनेछ।

दफा ९ को (२) मा संशोधनः- बुँदा (२) को सट्टा देहाय बमोजिम  राखिएको छ।

(२) यस कार्यविधि बमोजिम दिइने आर्थिक सहायताको रकम न्यूनतम दुई हजारदेखि अधिकतम पचास हजारसम्म हुनेछ।तर दफा ५ को उपदफा (४) को हकमा अधिकतम रकम पाँच लाखसम्म हुनेछ।

आज्ञाले
नरेश राज जोशी
प्रमुख प्रशासकीय अधिकृत